# देवचुली नगरपालिका

☎ ०७८-५७५०१०
फ्याक्सः ०७८-५७५३९६

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल


प.सं.: ०७७/०७८

च.नं.:

मितिः २०७७/०५/०१

## प्रेश विज्ञप्ती

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) देवचुली नगरपालिकामा हालसम्म २८ जना कोभिड १९ का संक्रमित बिरामी देखिएका र छिमेकी पालिकामा समुदायस्तरमै संक्रमण फैलिएको हुँदा देवचुली नगरपालिकामा समेत संक्रमण समुदायस्तरमा फैलन सक्ने जोखिम बढेको कारण यसको संक्रमणलाई थप फैलन नदिई संक्रमण रोकथाम र नियन्त्रण गर्न मानिसहरुको आवतजावतलाई नियन्त्रण गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी मिति २०७७/०५/०१ गतेको नगर स्तरीय कोभिड १९ संक्रमण रोकथाम समन्वय समितिको बैठकको निर्णय अनुसार तपसिल अनुसार गर्नु गराउँनुहुन सम्बद्ध सम्पूर्णमा हार्दिक अनुरोध छ।

**तपसिल**

१) देवचुली नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु, खाद्य सामग्री पसल, पेट्रोलपम्प, ग्याँस डिपो र निजी औषधि पसलहरु बाहेकका अन्य सम्पूर्ण व्यापार, व्यवसाय, उद्योग, कलकारखाना र सार्वजनिक तथा निजी सवारी साधनहरु अत्यावश्यक काम बाहेक मिति २०७७/०५/०१ गते राती १२ बजे देखी मिति २०७७/०५/०८ गते राती १२ बजेसम्म पूर्णरुपमा बन्द गर्ने गराउने।

२) अत्यावश्यक खाद्य सामग्रीहरु खरीद गर्नका लागि विहान ७:०० बजेदेखि बिहान १०:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्म सामाजिक दुरी कायम गर्दै माक्स र सेनीटाइजर प्रयोग गरी सेवा लिन र दिन तथा अन्य समयमा कुनै पनि व्यक्ति घर बाहिर निस्कन र हिडडुल नगर्नुहुन।

३) स्वास्थ्य संस्था र अत्यावश्यक सेव प्रदान गर्ने कार्यालय बाहेक अन्य सरकारी कार्यालयहरु -नगरपालिकाका वडा कार्यालयबाट प्रवाह हुने अत्यावश्यक काम बाहेक र अन्य गैर सरकारी संस्था तथा वित्तिय संस्था एवम् सहकारीबाट प्रदान गर्ने बढी जनसम्पर्क हुने नियमित सेवाहरु सञ्चालन नगर्ने।

४) धार्मिक, सांस्कृतिक र सामाजिक (कुशे औशीं, तीज) लगायतका भेला जमघट हुने कार्य सञ्चालन नगर्ने तथा पाहुँना हुन आफू पनि नजाने र अरुलाई पनि नबोलाउने गरी धेरै जनासँग घुलमिल नगरी सुरक्षित रहने।

५) आधारभूत खाद्य सामग्री पसल, पेट्रोलपम्प, ग्याँस डिपो र औषधी पसल बाहेक सम्पूर्ण व्यापार व्यवसाय सञ्चालन नगर्ने।

६) पूर्व पश्चिम राजमार्गमा चल्ने लामोदुरीका सवारीसाधन, एम्बुलेन्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन र अत्यावश्यक कार्यका लागि प्रयोग हुने जिल्ला प्रशासन कार्यालयबाट अनुमति प्राप्त सवारीसाधन बाहेक सबै प्रकारका निजी तथा सार्वजनिक सवारी साधन (दुई पाङ्ग्रे समेत) सञ्चालन नगर्ने।

अन्त्यमा उल्लेखित निर्णयहरु कोभिड १९ को संक्रमणलाई यस देवचुली नगरपालिका क्षेत्रमा फैलिन नदिने उद्देश्यका साथ बन्द गर्ने निर्णय भएकोले त्यसबाट हुने असुविधाका लागि दुःख व्यक्त गर्दै नगरबासीको स्वास्थ्य सुरक्षाका लागि उक्त निर्णयहरु पालना गरी सहयोग पुऱ्याइदिनुहुन सम्पूर्ण नगरबासीमा हार्दिक अनुरोध गरिन्छ।

.................... ०७७/०५/०१

(क्या. डिल बहादुर खत्री)
नगर प्रवक्ता


इमेलः devchulimunicipality@gmail.com
वेभसाइटः www.devchulimun.gov.np